# प्रदेशसभा ५ को प्रदेशसभामा प्रदेश सरकारले प्रस्तुत गरेको **"प्रदेश नं ५, प्रदेश प्रशारण सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथि विश्लेषण गरी फ्रिडम फोरमले तयार पारेको समीक्षत्मक टिप्पणी तथा सुझावपत्र


**फ्रिडम फोरम**
**थापाथली, काठमाडौँ,**
**फोन नं. ४१०२०३०, ४१०२०२२**


FREEDOM FORUM

## भूमिका

प्रदेश नं. ५ को सरकारले "प्रदेश नं. ५ प्रदेश प्रशारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेशसभा समक्ष प्रस्तुत गरेको छ ।

प्रशारणका माध्यमहरूलाई विश्वसनीय बनाई प्रशारणमार्फत सूचनाको निष्पक्ष प्रवाहलाई निर्वाध बनाई जनताको अभिव्यक्ति र सूचनाको हकको संरक्षण र सम्वर्द्धन गर्न उक्त विधेयक प्रस्तुत गर्नुपरेको प्रस्तावनामा उल्लेख छ ।

'प्रदेश प्रशारण ऐन' नाम दिइएको यो प्रस्तावित विधेयकमा ३२ वटा दफा रहेका छन् । प्रशारणसम्बन्धी संस्था र कार्यक्रमको सञ्चालन, नियमन र अनुगमनका लागि प्रस्तावित यो ऐन संविधानको अनुसूची ६ मा उल्लेखित ३ को कार्यान्वयनका लागि बनाइएको देखिन्छ ।

## विधेयकको विशेषता

विधेयकको दफा १ मा नाम र प्रारम्भ तथा दफा २ मा १८ वटा विभिन्न शब्दावलीको परिभाषा गरिएको छ । दफा ३, ४, ५ र ६ इजाजत र अनुमतिसँग सम्बन्धित, दफा ७ मा प्रशारणलाई नियन्त्रण गरिने विषय, दफा ८ मा स्याटेलाइन प्रशारण, दफा ९ मा शुल्क आदिबारे उल्लेख छ । यसैगरी दफा १०, ११ र १२ मा कार्यक्रम प्रशारण, उत्पादन र वितरण जस्ता विषय तथा दफा १३ र १४ मा विज्ञापनसम्बन्धी विषय, दफा १५ र १६ मा जनशक्ति तथा प्रशारणको काम कर्तव्यका विषय समेटिएका देखिन्छन् । दफा १७ सजाय, दफा १८ मा पुनरावेदन, दफा १९ मा प्रशारण संस्थाको सुरक्षा, दफा २० मा अधिकार प्रत्यायोजन, दफा २१ नियम बनाउने अधिकार तथा दफा २२ र २३ मा अन्य विविध विषय समेटिएका छन् ।

## टिप्पणी :

प्रस्तुत विधेयक प्रदेश सरकारलाई संविधानको अनुसूची ६ को ३ मा प्राप्त अधिकार कार्यान्वयन गर्न प्रदेश ५ सरकारले तर्जुमा गरेकोलाई सकारात्मकरुपमा लिन सकिन्छ । तर, प्रशारण संस्थाका लागि कुनै पनि प्रशारण सेवा सञ्चालन गर्न आवश्यक फ्रिक्वेन्सीको व्यवस्थापन संघीय तहबाट मात्र हुने हुनाले इजाजत (लाइसेन्स) नियमनको सम्बन्धमा गरिएका प्रस्तावित व्यवस्थाहरूको सान्दर्भिकताबारे प्रदेश सरकार स्पष्ट हुन सकेको देखिँदैन ।

प्रदेश-५ को सरकारले यो विधेयक तर्जुमा गर्नु अगाडि नै प्रदेश सञ्चार नीति-२०७५ जारी गरिसकेकाले सरकार नीतिगतरुपमा सही दिशामा अग्रसर देखिन्छ। सो नीति कार्यान्वयन गर्न पनि कानूनको आवश्यकता हुने हुनाले यो विधेयक तर्जुमा गरिएको स्पष्ट हुन्छ ।

प्रस्तुत विधेयकमा संविधान प्रदत्त विचार तथा अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी हक, सञ्चारको हक र सूचनाको हक जस्ता मौलिक हकहरू कार्यान्वयन गर्न स्वतन्त्र र निष्पक्ष प्रशारण क्षेत्र सञ्चालन र नियमन गर्ने उद्देश्यका साथ प्रस्तावित प्रावधानहरू स्वभाविक र सकारात्मक नै छन्। तथापि

विधेयकका केही प्रस्तावहरूमा संविधान, संघीय कानूनहरू र अन्तर्राष्ट्रिय सिद्धान्त एवं प्रचलन र प्रशारण क्षेत्रका राम्रा अभ्यासहरूको तुलनामा देखिएका कमी तथा सुधार गर्नुपर्ने विषयहरू के के हुन सक्छन् भनी यस पत्रमा विश्लेषण गरिएको छ :

**विधेयकको व्यवस्थाहरु, संशोधन र सुधार हुनुपर्ने विषयहरु तथा तिनका कारणबारे तीनमहले टिप्पणी :**

| दफा/खण्ड | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| **परिच्छेद-१** | <u>२. परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,—<br><br>(झ) "प्रसारण" भन्नाले शब्द, अक्षर, इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्नेगरी पठाइने एफ.एम., रेडियो, टेलिभिजन र अन्य विद्युतीय माध्यम समेतको सञ्चार सेवा सम्झनुपर्छ ।<br>(ञ) "प्रसारण संस्था" भन्नाले यस ऐनबमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति, संगठित संस्था, सरकारी निकाय वा स्थानीय तह सम्झनुपर्छ । सो शब्दले सामाजिक सञ्जाल वा अन्य विद्युतीय माध्यमबाट आम जनताका लागि प्रसारण गरिने माध्यम समेत सम्झनुपर्छ।<br>(थ) "संचारकर्मी सुरक्षा कोष" भन्नाले प्रदेश कानूनबमोजिम स्थापित योगदानमा आधारित संचारकर्मी सुरक्षा कोष भन्ने सम्झनुपर्छ । | प्रसारण संस्था' भन्नाले यस ऐनबमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति, संगठित संस्था वा स्थानीय तह सम्झनुपर्छ । सो शब्दले इन्टरनेट वा अन्य विद्युतीय माध्यमबाट आम जनताका लागि प्रसारण गरिने माध्यम समेत सम्झनुपर्छ । | स्थानीय तह र अन्य संगठित संस्था तथा व्यक्तिलाई प्रशारण संस्थाका रुपमा परिभाषीत गर्न संविधान र अन्य कानुन अनुकूल हुने भए पनि यहाँ 'सरकारी निकाय' भनी थप शब्दावली उल्लेख गरेकाले सो हटाइएको । |
| | ४. <u>**इजाजतपत्र नलिई प्रसारण गर्न नहुनेः**</u> कसैले पनि यस ऐन बमोजिम इजाजतपत्र नलिई कुनै पनि कार्यक्रम प्रसारण गर्नु गराउनु हुँदैन । | ४) **इजाजत पत्र लिनुपर्ने :** प्रशारकले इजाजत पत्र लिएर प्रशारण गर्नुपर्नेछ । | • नकारात्मक भाव तथा साँघुरो अर्थ दिने ब्यबस्था भएकोले हटाईएको ।<br>• हरेक कार्यक्रम पिच्छे प्रशारण इजाजत लिने कुरा सञ्चारको हक र प्रशारणको आधारभूत अभ्यास र मान्यता विरुद्ध र अव्यहिारिक हुन्छ । इजाजत कार्यक्रम पिच्छे लिने नभई त्यस्ता कार्यक्रम प्रशारण गर्ने प्रशारक संस्थाले लिने हो । त्यसैले हटाईएको हो । |
| | ५. <u>**इजाजतपत्रका लागि निवेदन दिनुपर्नेः**</u> (१) प्रदेश | | एकसय देखि एक हजार |

| | | | |
|---|---|---|---|
| | भित्रको कुनै ठाउँमा भू–उपग्रह, भू–सतही, केबुल वा अन्य सञ्चार माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा एक सयदेखि एक हजार वाटसम्मको क्षमता भएका फ्रीक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न चाहने नेपाली नागरिक वा संगठित संस्थाले तोकिएबमोजिम निवेदन दिनुपर्नेछ । (2) यस ऐनको अधिनमा रही प्रदेशभित्र रहेको कुनै पनि सरकारी निकाय वा स्थानीय तहले खास विषयमा प्रसारण कार्य गर्न इजाजतका लागि तोकिएबमोजिम निवेदन दिन सक्नेछन् । | २ यस ऐनको अधिनमा रही प्रदेशभित्र रहेका कुनै पनि स्थानीय तहले खास विषयमा प्रसारण कार्य गर्न इजाजतका लागि तोकिएबमोजिम निवेदन दिन सक्नेछन् । | वाट क्षमताको आधार के हो ? यसका लागि औपचारिकरुपमा तहगत सरकारका अधिकार प्रष्ट हुनेगरि सूचीको कार्य विस्तृतिकरण झल्कने ( संघीय कानुन नबनी फ्रिक्वेन्सीको सीमा तोक्ने गरि अधिकारको व्याख्या गर्ने कुरा जायज देखिएन ।<br><br>प्रदेश भित्रका स्थानीय तहलाई प्रशारण संस्थाका रुपमा प्रशारण कार्य गर्न सक्ने बनाएको भए पनि अन्य सरकारी नियकालाई समेत प्रशारण अनुमति लिनसक्ने गरी यसमा समेटिएकाले सरकारी निकाय भन्ने शब्दावली हटाइएको हो । |
| | ६. **इजाजतपत्र दिन सकिने:** दफा ५ बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएको शर्तहरू पालना गर्नेगरी कार्यक्रम प्रसारण गर्न तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ । | दफा ५ बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएको शर्तहरू पालना गर्नेगरी संघीय सरकारबाट प्रसारण फ्रिक्वेन्सीको सुनिश्चितता गराई प्रसारण संस्थालाई तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ । | • इजाजत दिने व्यवस्था सरकारी निकाय ( मन्त्रालय)नै रहँदा यसको स्वायत्तता रहँदैन । त्यसैले स्वायत्त निकायबाट इजाजतको प्रबन्ध मिलाउने व्यबस्था राख्न उपयुक्त हुन्छ ।<br>• इजाजत खास कार्यक्रमका लागि नभई प्रशारण गर्ने संस्थालाई दिने हो । त्यसैले सोहीबमोजिम भाषा सच्याउनुपर्छ ।<br>• फ्रिक्वेन्सी निश्चित गर्ने काम संघीय सरकारले नै गर्ने भएकाले यो प्रदेश आफैंले गर्न कठिन छ । त्यसैले संघीय सरकारसँग समन्वय गरी फ्रिक्वेन्सी सुनिश्चित गर्न |

| | | | |
|---|---|---|---|
| | | | जरुरी छ । |
| | ७. **<u>प्रसारणमा रोक लगाउन सकिनेः</u>** राष्ट्रहरुसँगको सम्बन्धलाई ध्यानमा राखी मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एकपटकमा छ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ । | हटाउने | • राष्ट्रहरूको सम्बन्ध परराष्ट्र मामिलाको विषय भएको र यो अधिकार संघीय सरकारको एकल अधिकारको विषय भएकाले हटाउने ।<br>• यस्ता खास कार्यक्रम रोक्न आवश्यक ठाने संघीय सरकारले संविधानबमोजिम तोक्ने भएको तथा सबै तहमा संविधान तथा संघीय कानुन लागु हुने भएकाले यसमा थप व्यवस्था गर्न जरुरी नपर्ने । |
| | ९. **<u>प्रसारण तथा वितरण शुल्कः</u>** इजाजत प्राप्त प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा तोकिएको निकायलाई तिर्नुपर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने व्यक्ति वा संस्थाबाट लिनुपर्ने शुल्क तोकिए बमोजिम हुनेछ । | | कार्यक्रम वितरण गरी सञ्चालन गर्ने कुरा र तोकिए बमोजिमको शुल्कको विषयको कुरा स्पष्ट भएन । |
| | १२. **<u>विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिनेः</u>** विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा राष्ट्रिय हीतमा प्रतिकूल प्रभाव नपर्ने गरी तोकिएको मापदण्डको आधारमा समय उपलब्ध गराउन सकिनेछ । | हटाउने | यो विषय प्रदेश एक्लैले निर्णय गर्न नसक्ने खालको भएकाले र उल्लेखित विषय संघीय सरकारको क्षेत्राधिकारभित्र पर्ने भएकाले हटाईएको हो । |
| | १४. **<u>विज्ञापन प्रसारण गर्न नपाइनेः</u>** (१) दफा १3 मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन पाउने छैनः–<br>(ख) अश्लिल किसिमका सामग्री,<br>(ग) वैधानिक सत्तालाई हिंसात्मक शक्ति प्रयोग गरी विस्थापन गर्ने प्रकृतिका सामग्री,<br>(घ) जनमानसमा अस्वाभाविक भय आतंक तथा भ्रम पैदा गर्ने प्रकृतिका सामग्री,<br>(ङ) कुनै जात, जाति, भाषा, धर्म, सम्प्रदाय र संस्कृतिलाई अपव्याख्या, अवहेलना तथा अवमूल्यांकन गर्ने सामग्री, | ख) हटाउने,<br>(ग) हिंसा तथा आतंक दुरुत्सहान गर्ने प्रकृतिका सामग्री<br>(घ) हटाउने<br>(ङ) कुनै जात, जाति, भाषा, धर्म, सम्प्रदाय र संस्कृतिबीचको सुसम्बन्धमा प्रत्यष खलल पार्ने सामग्री, | • प्रष्ट र परिभाषीत नभएको तथा बहुअर्थी शब्दावली राखिएकोले हटाइएको<br>• जुनसुकै अवस्थामा पनि हिंसा सह्य लोकतान्त्रिक विधि होइन साथै उक्त प्रावधानमा अनावश्यक शब्दावलीहरूको छोटा र प्रष्ट शब्द राखी स्पष्ट |

| | | | |
|---|---|---|---|
| | (च) जनस्वास्थ्यलाई हानि पुर्‍याउने धुम्रपान तथा मदिरा जस्ता पदार्थहरूको विज्ञापन । | | पारिएको ।<br>● आतंक आफैंमा अस्वभाविक भएको तथा धेरै शब्दावलीहरू राखिरहँदा झन बढी भ्रम उत्पन्न गर्ने भएकाले परिवर्तन गरिएको ।<br>● संस्कृतिको अपव्याख्या, अबहेलना, अबमूल्यन गर्ने जस्ता बहुअर्थी शब्दाबलीहरूले ऐनको व्यवस्थालाइृ झन कमजोर बनाउने भएकाले हटाइ थप सोही भाव आउने गरि प्रष्ट बनाइएको । |
| | १६. <u>**प्रसारकको काम, कर्तव्य र अधिकारः**</u> (१) प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः–<br>(ख) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा जातीय विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने, नगराउने,<br>(ग) लापरवाही वा हेलचक्र्याईपूर्वक कुनै पनि कुराको प्रसारण नगर्ने, नगराउने,<br>(घ) गलत तथा भ्रामक समाचारको संकलन तथा प्रसारण नगर्ने, नगराउने,<br>(ङ) प्रचलित कानुनले प्रसारण गर्न रोक लगाएका प्रसारण सामग्री प्रसारण नगर्ने, नगराउने, | (ख) कसैको गाली बेइज्जती वा व्यक्तिगत गोपनियता हनन हुने वा लैङ्किक हिंसा वा जातीय विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने, नगराउने,<br>**(ग) हटाउने**<br>**(घ) हटाउने**<br>(ङ) संविधान तथा सञ्चार र प्रशारणसम्बन्धी संघीय कानुनले प्रसारण गर्न रोक लगाएका प्रसारण सामग्री प्रसारण नगर्ने, नगराउने, | ● चरित्र हत्या, अपमान जस्ता अपरिभाषित र व्यापक अर्थ दिने मूल्ययुक्त शब्दावलीले ऐनको व्यवस्थालाई क्लिष्ट र बहुअर्थी बनाउने भएकाले कानूनद्वारा नै परिभाषित शब्दावली- गालीबेइज्जती तथा वैयक्तिक गोपनियतासम्बन्धी प्रावधानले प्रस्तावित मर्मलाई समेट्ने भएकाले केही शब्दावली हटाई परिभाषित शब्दावली प्रयोग गरिएको हो ।<br>● अस्पष्ट, दुविधायुक्त, अप्रासंगिक देखिएकाले केही प्रावधान हटाइएको हो ।<br>● प्रचलित कानुनको सट्टा संविधान र सञ्चार तथा प्रशारणसम्बन्धी संघीय कानुनले रोक लगाएका विषय राख्न |

| | | | |
|---|---|---|---|
| | | | उचित भएकाले सो कुरा थप गरिएको हो । |
| | **१७. सजायः** (१) कसैले दफा ६ बमोजिम प्रसारण संस्थाको इजाजतपत्र नलिई वा दफा ९ बमोजिम स्वीकृति नलिई कुनै कार्यक्रम प्रसारण गरे, गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर र दफा १० बमोजिम लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरिवाना हुनेछ ।<br>(४) उपदफा (३) बमोजिमको जरिवाना गर्दा पनि सोही कसूर दोहोर्‍याएमा इजाजतपत्र रद्द गरिनेछ । | (४) उपदफा (३) बमोजिमको जरिवाना गर्दा पनि सोही कसूर दोहोर्‍याएमा इजाजतपत्र रद्द गर्न सक्नेछ। तर सम्बन्धित पक्षलाई इजाजत रद्द गर्नु अगाडि सफाइको उचित मौका दिनुपर्नेछ । | ● इजाजतपत्र मनोमानी ढंगले रद्द हुन सक्ने सम्भावना टार्नका लागि यो थप गरिएको हो ।<br>● जति पटक उल्लंघन गरे पनि सफाइको उचित मौका हरेकको मौलिक हक समेत भएकोले सफाइको अवसर नदिई अन्तिम निर्णय गर्ने व्यवस्था राख्दा अन्याय पर्न जाने भएकाले थप गरिएको । |
| | **१९. प्रसारण संस्थाको सुरक्षाः** प्रसारण संस्थामा हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानि नोक्सानी हुने सम्भावना छ भन्ने लागेमा प्रदेश सरकारले त्यस्तो ठाउँमा आवश्यक सम्झेको अवधिसम्मका लागि सुरक्षाको व्यवस्था गर्नेछ । | **१९. प्रसारण संस्था, पत्रकार र कर्मचारीको सुरक्षा :** प्रसारण संस्थामा वा प्रशारण संस्थामा कार्यरत पत्रकार वा कर्मचारीमाथि हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानि नोक्सानी हुने सम्भावना छ भन्ने प्रशारक संस्थालाई लागेमा प्रदेश सरकारले प्रशारक संस्थाको अनुरोधमा खास अवधिसम्मका त्यस्तो ठाउँमा सुरक्षा व्यवस्था प्रदान गर्न सक्नेछ । | ● प्रशारक संस्थासँगै संस्थामा कार्यरत पत्रकार र कर्मचारीको पनि सुरक्षा समावेश गर्न जरुरी देखिएकाले थप गरिएको ।<br>● असुरक्षा भनेको सरकारी पक्षलाई लागेर मात्र हुने कुरा होइन, यो सम्बन्धित प्रशारक संस्था र कार्यरत सरोकारवालाहरूको पनि चासोको विषय हो । त्यसैले सम्बन्धित पक्षको अनुरोध बिना सुरक्षाका नाममा प्रशारक संस्थामा सरकारी हस्तक्षेप हुन सक्ने भएकाले अनुरोध भई आएमा मात्र सुरक्षा प्रबन्ध गर्ने कुरा उल्लखे गर्न जरुरी भएकाले यो प्रावधान थप गरिएको । |

**मिति २०७५/०९/०४**